नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
बितरण तथा ग्राहक सेवा निर्देशनालय
नेपालगञ्ज क्षेत्रीय कार्यालय
**प्यूठान बितरण केन्द्र**
बिजुवार, प्यूठान

फोन नं ०८६-४६०१५१
फ्याक्स नं.०८६-४६०१५१

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- 349

मिति : २०७५/१०/२५

श्री प्यूठान नगरपालिकाको कार्यालय, प्यूठान ।
श्री स्वर्गद्वारी नगरपालिकाको कार्यालय, प्यूठान ।
श्री मल्लरानी गाउंपालिकाको कार्यालय, प्यूठान ।
श्री सरुमारानी गाउंपालिकाको कार्यालय, प्यूठान ।
श्री नौबहिनी गाउंपालिको कार्यालय, प्यूठान ।
→श्री झिमरुक गाउंपालिकाको कार्यालय, प्यूठान ।
श्री गौमुखी गाउंपालिकाको कार्यालय, प्यूठान ।

विषय : जनचेतनाका लागि आवश्यक सहयोग गरी दिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नेपाल विद्युत प्राधिकरण प्यूठान बितरण केन्द्रबाट जिल्लामा आपूर्ति भई रहेको विद्युत लाईनमा जडान गरीएका पोल, तार, पोल सपोर्ट, ट्रान्सफर्मर आदि विद्युतीय संरचनाहरु छुन गएर तथा लाईन नजिक रहेका रुख तथा रुखका हांगाविंगा विना जानकारी आफै काट्ने कार्य गर्नाले विद्युतीय दुर्घट्नाहरु बढ्दै गई रहेको देखिएको हुंदा सो हुन नदिनका लागि संलग्न सूचना पाना १ अनुसार आम सर्व साधारण वर्गमा आवश्यक जनचेतनाका लागि तहां अन्तर्गत प्रत्येक वडा तथा टोल वस्तीमा सूचना प्रवाह गरी दिनु भई सहयोग गरी दिनु हुन अनुरोध गरिन्छ ।

श्री प्रशासन शाखा
वडामा समेत सूचना पठाउने
मिति २०७५/११/०८

..............................
(रमेश ब[illegible]डे)
बितरण केन्द्र प्रमुख
बि.के. प्रमुख

झिमरुक गाउँपालिका
गच्छी, प्यूठान
दर्ता नं. ...658...
दर्ता मिति: ...२०७५/११/०८

# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
बितरण तथा ग्राहक सेवा निर्देशनालय
## नेपालगंज क्षेत्रीय कार्यालय
## प्यूठान बितरण केन्द्र

मिति : २०७५/१०/२५

### विषय : सूचना ! सूचना !! सूचना !!!

नेपाल विद्युत प्राधिकरण प्यूठान बितरण केन्द्रबाट जिल्लामा आपुर्ति भई रहेको विद्युत प्रशारण तथा वितरण लाईनमा हाल मर्मत कार्य संचालन भई रहेको हुंदा कुनै पनि समयमा विद्युत लाईन आउन जान सक्ने भएकोले विद्युत लाईनमा जडान गरीएका पोल, तार, पोल सपोर्ट, ट्रान्सफर्मर आदि विद्युतीय संरचनाहरु नछुन हुन साथै विद्युत लाईन नजिक भएका रुख तथा रुखका हांगाविंगा कार्यालयमा सम्पर्क नगरी नकाट्न हुन समेत सर्व साधारण वर्गहरुमा जानकारीका लागि यस बितरण केन्द्र हार्दिक अनुरोध गर्दछ । विद्युत लाईन जोखिमपूर्ण अवस्थामा देखिएमा तुरुन्त कार्यालयको सम्पर्क नं. ०८६-४६०१५१ मा जानकारी गराई दिई सहयोग गरी दिनु हुन अनुरोध गरिन्छ । हाल जनचेतनाका कमीका कारण विद्युतीय दुर्घट्नाहरु बढ्दै गई रहेको देखिएको हुंदा सो हुन नदिनका लागि नेपाल विद्युत प्राधिकरणको कर्मचारी वाहेक अन्य कसैले पनि विद्युतीय संरचनामा कार्य गर्न/गराउन नहुन अनुरोध गरिन्छ । यदि यस सूचनालाई वेवास्ता गरी कुनै पनि विद्युतीय दुर्घट्ना घट्न गएमा नेपाल विद्युत प्राधिकरण प्यूठान बितरण केन्द्र जवाफदेही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

नेपाल विद्युत प्राधिकरण
प्यूठान बितरण केन्द्र
जुंम्री, प्यूठान
(सम्पर्क नं. ०८६-४६०१५१)